कृषि पत्रकार समाज प्रदेश ५ द्वारा प्रकाशित

किसानका खबर, किसानकै कुरा

# कृषिपत्र

प्रदेश नं. ५ को पहिलो पाक्षिक कृषि खबर पत्रिका

visit Nepal 2020 Lifetime Experiences
सरकारको अभियानमा हाम्रो पनि सहकार्य

www.Krishipatra.com वर्ष १ । अंक १७ । माघ १५ देखि फागुन १ गते २०७६ । 29 january-12 February 2020 । पृष्ठ संख्या ८ । मूल्य रु. १०।-

## विषादी परिक्षण प्रयोगशालाका लागि

# स्थायी संरचना माग

**कृषि पत्र संवाददाता**
बुटवल



विषादी अवशेष द्रुत विश्लेषण ईकाई प्रयोगशाला बुटवल सञ्चालक समितिमा बुटवल उपमानगरपालिकाकी उप प्रमुख गुमादेवी आचार्य चयन हुनुभएको छ।

सञ्चालक समितिको बैठकबाट निर्देशिकामा उल्लेख भए अनुसारको अध्यक्षमा बुटवल उप-महानगरपालिकाकी उप प्रमुख समेत रहेकी आचार्य अध्यक्षमा चयन हुनुभएको हो।

बाली संरक्षण प्रयोशाला, कृषि ज्ञान केन्द्र नवलपरासी, बुटवल उप-महानगरपालिका कृषि विकास शाखा प्रमुख सन्तोज जिसी, बजार सञ्चालक समितिका अध्यक्ष घनश्याम भुषाल, जिल्ला प्रशासन कार्यालय अधिकृत, जिल्ला स्तर कृषक समुहबाट गणेशदेव भण्डारी, विषादी व्यवसायीबाट फन नारायण ढकाल, उपभोक्ता कर्मीबाट तेज कुमार पाठक, खाद्य प्रविधि कार्यालय सदस्य रहेको समिति गठन गरिएको छ।

जसको सदस्यसचिवमा विषादी द्रुत विश्लेषण ईकाई प्रयोगशाला बुटवलका प्रमुख उमाशंकर पाठक रहेका छन्।

शुक्रबार बसेको बैठकलले हाल बुटवल कृषि उपज थोक बजार केन्द्रको एउटा कोठामा मात्रै सञ्चालनमा आएको विषादी अवशेष दुत्र विश्लेषण प्रयोगशालाको स्थानमा अपुगको भएको भन्दै सम्बन्धीत निकाय निर्देष्ठ समितिमा माग गर्ने निर्णय गरेको हो। सदस्य सचिव तथा प्रयोशाला बुटवलका प्रमुख उमाशंकर पाठकले विषादी परिक्षण प्रयोगशाला र प्रशासनको काम एकै स्थानबाट गर्दा स्वाथ्यमा समेत जोखिम उत्पन्न भएको बताउनुभयो । बैठकमा बोल्दै उपभोक्ता हित संरक्षण मञ्च प्रदेश ५ का संयोजक तेज कुमार पाठकलले जनताको स्वाथ्यमाथी कुनै पनि तवरले खेलवाड हुन नहुने बताउनुभयो। सोही कार्यक्रममा बोल्दै बुटवल कृषि उपज थोक बजार सञ्चालक समितिका अध्यक्ष घनश्याम भुषालले कृषि उपज केन्द्रले निशुल्क उपलब्ध गराएको संरचनाको विषयमा अव सोही अनुसारको संरचना निर्माण गर्नु आवश्यक रहेको बताउनुभयो । कार्यक्रममा लुम्बिनी फलफुल तरकारी थोक व्यवसायी संघका सचिव मेघनाथ पौडेलले प्रयोशालाले अव स्थानिय किसानहरुले समेत उत्पादन गरेको कृषि जन्य उपजको चेक जाँच गर्नुपर्ने धारणा राख्नुभयो । कार्यक्रममा केन्द्रीय कृषि प्रयोगशाला हरिहरभवन काठमाण्डौका बरिष्ठ बाली संरक्षण अधिकृत राजीवदास राज भण्डारी, क्वारेन्टाईनका विष्णु प्रसाद काफ्ले, कृषि विकास निर्देशनालयका बाली संरक्षण अधिकृत राम बहादुर खत्री, बुटवल प्रयोशालाका प्राविधिक सहायक नरदेश प्रभाकर लगायतले कृषि ज्ञान केन्द्र, कृषि विकास शाखा बुटवल, लगायतका प्रमुख तथा प्रतिनिधिहरुको सहभागीता रहेको थियो।

# आयातित तरकारी निरूत्साहित

**शुशीला रेग्मी**
रामपुर (पाल्पा)

रामपुरमा बाहिरबाट भित्रने तरकारी निरुत्साहित गर्न एक वडा एक प्राबिधिक परिचालन गरिएको छ। नगरका दशवटै वडामा एक वडा एक प्राबिधिक छनौट गरी परिचालन गराइएको छ । बाहिरबाट विषादी प्रयोग भएका तरकारीले रामपुर बजार ढाकेपछि स्थानीय उत्पादनलाई बढावा दिन रामपुर नगरपालिकाले एक वडा एक उत्पादन कार्यक्रम संचालन गरेको छ। नगरको एक वडा एक उत्पादन कार्यक्रम सहज र प्रभावकारी बनाउन वडा वडामा प्राबिधिक परिचालन गरिएको हो। वडा नं १ मा पहिलो प्राथमिकता कागती, दोस्रोमा मौरी, तेस्रोमा अदुवा, वडा नं २ को कार्यालयले बाख्रा, खुर्सानी, गोलभैंडा, ३ मा एभोकाडो, बाख्रा र आलु, वडा नं ४ मा काक्रा, बाख्रा, बन्दा, बंगुर, वडा नं ५ मा गोलभैंडा, केरा र दुध निर्धारण गरिएको छ । त्यस्तै वडा नं ६ मा आलु, मौरी, बाख्रा र केरा, ७ मा घिरम्ला, करेला, कागती, कुखुरा, वडा नं ८ मा कुखुरा, सिमि, दुध र सुन्तला, वडा नं ९ मा कफि, अदुवा, बाख्रा र कुखुरा, १० मा सुन्तला, लिचि, प्याज र दुध उत्पादनलाई मुख्य पकेट क्षेत्र छुट्याइएको छ। नगरले पकेट क्षेत्र निर्धारण गरेका वडामा एक वडा एक उत्पादन कार्यक्रम सुरु भएका छन् । कृषकलाई विभिन्न जातका तरकारीका विरुवा वितरण, तालिम, कृषि सामग्री सहयोग जस्ता कार्यक्रमहरु संचालन भइरहेको नगर प्रमुख रमणबहादुर थापा बताउनुहुन्छ । "मानव स्वास्थ्यलाई स्वस्थ बनाउन, स्थानीय उत्पादनलाई प्राथमिकता दिएर बाहिरबाट रामपुर बजारमा भित्रने विषादी प्रयोग भएका तरकारी निरुत्साहित अभियान सफल बनाउन एक वडा एक प्राबिधिक परिचालन सुरु गरेका छौं" नगर प्रमुख थापाले भन्नुभयो।




अहिले वडा कार्यालयहरुले तरकारीका वीउ विजन वितरण गर्ने, कृषि सामग्री वितरण तथा कृषकलाई तरकारी लगाउने नयाँ प्रबिधि सम्बन्धी तालिम, गोष्ठी जस्ता कार्यक्रमहरुलाई तीव्रता दिइरहेका छन्। एक वडा एक प्राबिधिक कार्यक्रम अन्तर्गत रामपुर नगरपालिकाको वडा नं १ मा लुना अर्याल, २ मा क्षितिज बिक्रम खाँण, ३ मा सुरक्षा ढकाल, ४ मा युवराज नेपाली, ५ मा सुनिता बस्नेतलाई जिम्मेवारी दिइएको छ। त्यस्तै वडा नं ६ मा सिमा खनाल पाठक, ७ मा चन्द्रकला अर्याल, ८ मा सुजता अधिकारी, ९ मा रोशन जिसी, १० मा दिपेन्द्र तिमिल्सिनालाई छनौट वडाको काममा खटाइएको छ । दुई दिन कृषि शाखा रामपुरले क्षमता अभिबृद्धि तालिम दिएर सम्बन्धित वडा कार्यालयमा एक वडा एक प्राबिधिक कर्मचारी खटाइएको कृषि शाखा प्रमुख तथा नगरपालिकाका सुचना अधिकारी रामहरी पाण्डेयले बताउनुभयो। व्यवसाय दर्ता तथा निरिक्षण, पसल, उद्योग, कृषि, पशुपंक्षी तथा उद्योगहरु निरिक्षण गर्ने, नगरपालिकामा दर्ता भएको नभएको, नविकरण भए नभएको लगायतका विवरण सङ्कलन गर्ने गरी जिम्मेवारी दिइएको सुचना अधिकारी पाण्डेयले जानकारी दिनुभयो।

एक वडा एक प्राबिधिकले कृषि र पशुपंक्षी प्राबिधिक सहयोग, नगरपालिका तथा वडाको काममा सहजिकरण गर्नेछन्। आर्थिक विकास परियोजना अर्न्तगत एक वडा एक प्राबिधिक कर्मचारी छनौट गरी नगरपालिकाले परिचालन गरेको हो।

मौसमी समयमा प्रयाप्त तरकारी उत्पादन भएपनि बेमौसमी उत्पादन भने कमै मात्रामा हुन्छ। बिशेषगरी यहाँ आलु, लहरेबाली, बन्दा, काउली लगायतका तरकारी उत्पादन हुने गर्छन्।यहाँ ६० प्रतिशत बाहिरी बजारबाट, २० प्रतिशत छिमेकी निस्दी गाउँपालिका र २० प्रतिशत रामपुरमा उत्पादित तरकारी बजारमा खपत हुने गरेको छ । हप्तामा बुटवल लगायतका बाहिरी बजारमा २० देखि ४० टन सम्म तरकारी रामपुर बजारमा भित्रने गरेको कृषि शाखा कार्यालयले जनाएको छ।लागत र परिश्रम अनुसार मौसमी समयमा तरकारीले बजार मुल्य नपाउँदा कृषकले खेतबारीमै कुहाएर फाल्ने गरेको पाइएको छ। नगरपालिकाले यहाँ उत्पादन नहुने कृषि उपज बाहेक अरु उत्पादनलाई निरुत्साहित गर्ने भएको हो।

कच्चा सामग्री भएकाले लामो समय सम्म टिकाउन नसक्दा कृषकले नोक्सान बेहोर्नु परेको छ। अब भने बाहिरी बजारबाट भित्रने तरकारी निरुत्साहित भएकोखण्डमास्थानीयउत्पादनले बजारपाउनेछ। एक वडा एक प्राबिधिक वडा वडामा परिचालन गरिएपछि प्राबिधिक सेवा सहज रुपमा पाउने भएपछि खुशी लागेको कृषक गौतमबहादुर सुनार बताउनुहुन्छ। नगरपालिकाले गत पुस १ गतेबाट बाहिरबाट आयातित तरकारी निरुत्साहित अभियान कार्यक्रम सुरु गरेको छ।

## प्रदेश ५ का १२ जिल्लामा शुलभ कर्जा

# हेल्प डेक्स र ऋण सहजकर्ता

**कृषि पत्र संवाददाता**
बुटवल

प्रदेश नम्बर ५ को भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय बुटवलले किसान र बैंकको विचमा सरकारले उपलब्ध गराएको शुलभ कर्जा(कृषि) ऋणको विषयमा सहजीकरण गर्ने गरी १२ वटा जिल्लामा सहजीकरण हेल्प डेक्स राख्ने भएको छ।

जस अनुसार किसानले गुनासो गर्दै आएको शुलभ दरको कृषि कर्जाको विषयमा किसानहरुलाई बैंक सम्म लैजाने, किसानहरुको विषयमा कर्जा सम्बन्धी जानकारी दिने गरी शुलभ कर्जा हेल्प डेक्स राख्ने निर्णय गरिएको हो। भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश ५ का प्रवक्ता(उपसचिव) योजना तथा अनुगमन महाशाखा प्रमुख विनोद घिमिरेका अनुसार किसान र बैंकको विचमा सहजीकरण गर्ने गरी ऋण सहजकर्ता समेत राखिने भएको छ। उहाँका अनुसार शुलभ कर्जा ऋण सहजकर्ताले किसानहरुबाट आउने गुनासाको विषयमा बैंक र किसानको विचमा सहजीकरण गर्ने छन् । किसानहरुले सरकारले दिएको अनुदान कर्जाको विषयमा बैंक मार्फत सहज रुपमा प्राप्त नगरेको भन्ने गुनासो पटक पटक आएपछि बैंक र किसानहरुको विचमा पुलको काम गर्ने गरी सहजकर्ता र हेल्प डेक्स (सहायता कक्ष) स्थापना गर्न लागिएको हो। मन्त्री परिषद्बाट निर्णय भैसकेको शुलभ कर्जा सहजीकरण




अनुदान कार्यक्रम सञ्चालन कार्याविधि २०७६ स्वीकृत मा उल्लेख भए अनुसार १२ वटा जिल्लामा स्थापना गर्नको लागि मन्त्रालयले मातहतको कार्यलयलाई पत्राचार समेत गरिसकेको छ। ब्याज अनुदान रु एक लाखदेखि रु १० लाखसम्मको एक वर्ष अवधिका लागि १० प्रतिशत, दुई वर्षको आठ प्रतिशत र तीन वर्षभन्दा बढी अवधिका लागि पाँच प्रतिशत उपलब्ध गराइने कार्याविधिमा व्यवस्था गरिएको भुमि व्यवस्था कृषि तथा सहकारी (बाँकी ४ पेजमा...)

# रामपुरमा निर्माण गरिएको गौशाला संचालनमा

**कृषि पत्र संवाददाता**
रामपुर (पाल्पा)



गौमाता तथा छाडा रुपमा छाडिएका गाईको संरक्षण गर्न रामपुरमा निर्माण गरिएको गौशाला संचालनमा आएको छ। रामपुर क्षेत्रमा छरिएर रहेका गाईहरु तथा कृषकले उत्पादन दिन छाडेपछि अन्यत्र लगेर अलपत्र छाडिएका गाईहरु संरक्षण गर्न निर्माण गरिएको गौशाला शुक्रवार देखि संचालनमा ल्याइएको हो।

रामपुर नगरपालिका वडा नं ६ स्थित तातोपानीधाममा नगरपालिकाले निर्माण गरेको गौशालामा करिव ६० वटा गाई बाँधेर उद्धाटन गरिएको छ। सो गौशालाको नगर प्रमुख रमणबहादुर थापाले उद्धाटन गर्दै हिन्दु धर्म संस्कृती अनुसार गाईलाई माताका रुपमा मानेर पुजाआजा गरिने भएकाले यसको संरक्षण गर्न नगरपालिकाले गौशाला निर्माण गरेको बताउनुभयो। गाईलाई उत्पादन दिदा सम्म प्रयोग गर्ने र उत्पादन दिन छाडेपछि अन्यत्र लगेर छाड्ने प्रवृत्ति रहेकाले यसको संरक्षणमा नगरले जोड दिएको नगर प्रमुख थापा बताउनुहुन्छ।

गौशाला निर्माण गर्न रामपुर नगरपालिकाले आर्थिक वर्ष २०७४/०७५ मा रु २० लाख र आर्थिक वर्ष ०७६/०७७ मा रु २० लाख रकम विनियोजन गरी निर्माण कार्य थालनी गरिएको हो। अहिले ट्रृष्ट निर्माण, चारैतिर घेराबार, गाई बाँध्ने काम सम्पन्न भएपछि गाईलाई गौशाला परिषरमा लगेर बाँध्न थालिएको हो।

गौशाला सम्पन्न नहुदा सम्मका लागि साउनबाट वडा नं ६ को कार्यालय परिषरमा नै अस्थायी बारबन्देज गरेर दुई जना हेरालु राखेर गाईहरु संरक्षण गरेर राखिएको थियो। रामपुर नगरपालिका क्षेत्रमा छाडा गाईले कृषकका खेतबारीमा पुगेर अन्नबाली खाएर सताउन थालेपछि गौशाला निर्माण सुरु गरिएको हो।

करिव पन्ध्र रोपनी क्षेत्रफलमा गौशाला निर्माण गर्ने काम भएको छ। गौशाला परिषरमा गाई लगेर बाँध्न थालेपछि यहाँका कृषकहरु अहिले खुशी भएका छन्। खेतबारीमा लगाइएका अन्नबाली खाएर रातदिन सताएर उत्पादन नै लिनै नसक्ने अवस्था रहेको कृषक गंगा बस्यालले बताउनुभयो। गाईलाई गौशालामा लगेर बाँध्न थालेपछि ढुक्क संग खेतीपाती लगाउन पाइने भएपछि कृषकमा उत्साह बढेको उहाँको भनाई छ। (बाँकी ४ पेजमा...)

